
# तिसौं वार्षिक साधारणसभाको बिवरण (माईन्युट)

कम्पनी दर्ता नं ७५/०५०/५१



## आ.व. २०८०/८१

## श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. डिल्लीबजार, काठमाण्डौं ।

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np

## तिसौं वार्षिक साधारणसभाको काम कारवाहीको विवरण तथा निर्णयहरु
## (माइन्यूट)

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को सञ्चालक समितिका अध्यक्ष श्री शशिराज पाण्डेज्यूको सभापतित्वमा कम्पनीको तिसौं बार्षिक साधारणसभा मिति २०८१ पौष २९ गते (तदनुसार १३ जनवरी २०२५ ई.सं.) सोमवार विहान १०:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौंको सभाकक्षमा सम्पन्न भयो । तिसौं बार्षिक साधारणसभामा उपस्थिति, छलफलका विषय सूचि, सूचना प्रकाशन, सभाको बैधानिकता, गणपुरक सख्या, सभापतित्व, सभा सञ्चालन, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय(माइन्यूट) देहाय अनुसार रहेको छ ।

१. **सभामा रहेको उपस्थिति**

क. **सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री शशिराज पाण्डे | अध्यक्ष |
| २. | श्री दिनेश राज जोशी | सञ्चालक |
| ३. | श्री महेश प्रसाद अधिकारी | सञ्चालक |
| ४. | श्री उमेश भगत प्रधानाङ्ग | सञ्चालक |
| ५. | श्री आदर्श राज पाण्डे | सञ्चालक |
| ६. | श्रीमती ममता अधिकारी | सञ्चालक |

ख. **पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री लिलामणि न्यौपाने | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री खिम बहादुर कार्की | नायव प्रमुख कार्यकारी अधिकृत तथा क. सचिव |
| ३. | श्री अनिल जोशी | नायव प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री दुर्गा लम्साल | संस्थागत सु-शासन,अनुपालना विभाग प्रमुख |
| ५. | श्रीमती विजया श्रेष्ठ | श्रोत परिचालन विभाग प्रमुख |
| ६. | श्री बाबुराम थापा | कर्जा विभाग प्रमुख |
| ७. | श्री श्याम जोशी | जनशक्ति व्यवस्थापन तथा प्रशासन विभाग प्रमुख |
| ८. | श्री संसार शर्मा | वित्त तथा जोखिम व्यवस्थापन विभाग प्रमुख |
| ९. | श्री राजिव वन श्रेष्ठ | सूचना प्रविधि विभाग प्रमुख |

ग. **उपस्थित आमन्त्रितहरु**

| | | |
|---|---|---|
| १. | श्री शशि सत्याल, साझेदार (PKF TR Upaddhya & Co.) | बाह्य लेखापरीक्षक |
| २. | अनिल महर्जन | मुक्तीनाथ क्यापिटल लिमिटेड |

घ. **सभाको सूचना प्रकाशन**

१ सञ्चालक समितिको मिति २०८१/०९/०५ गते बसेको ३५१औं वैठकको निर्णय बमोजिम यस कम्पनीको तिसौं वार्षिक साधारणसभाको विषय-सूची सहितको सूचना मिति २०८१/०९/०७ गते आइतवारको राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा पहिलो पटक तथा मिति २०८०/०९/२२ गते सोमवार दोस्रो पटक पनि सोही पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । साथै, उक्त सूचना वित्तीय सस्थाको वेभसाइटमा पनि राखिएको थियो ।

२ तिसौं वार्षिक साधारणसभा बस्ने सूचना सहित कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको "संक्षिप्त वार्षिक आर्थिक विवरण" शेयरधनी महानुभावहरुको कम्पनीको शेयर दर्ता कितावमा कायम रहेको ठेगानामा पठाइएको थियो । साथै, कम्पनीको वेभसाइटमा राखिएको थियो ।

३ कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको वार्षिक आर्थिक विवरण लगायत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाव एवं नगद प्रवाह विवरणहरु (अनुसूचीहरु सहित) तिसौं वार्षिक प्रतिवेदन तथा लेखा पुस्तिका २०८०/८१ को रुपमा प्रकाशित गरी यस कम्पनीको वेभसाईट WWW.shreefinance.com.np मा राखिएको लगायत रजिष्टर्ड कार्यालय एवं सभास्थलबाट उक्त पुस्तिका शेयरधनीहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको थियो ।

ङ. **गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| | |
|---|---|
| कुल शेयरधनी सख्या | ९५९६ |
| स्वयं उपस्थित शेयरधनी सख्या | ८१ |
| प्रोक्सी मार्फत उपस्थित शेयरधनी संख्या | ९७ |
| कुल शेयर सख्या | ९८,१६,८३२ |
| स्वयं उपस्थित शेयर सख्या | २५,२९,७१६ |
| प्रोक्सी मार्फत उपस्थित शेयर संख्या | ३५,१४,५४१ |
| जम्मा उपस्थिति संख्या | ६०,४४,२७५ |
| जम्मा उपस्थिति प्रतिशत | ६१.५७ |

२. **सभाको बैधानिकता तथा सभापतित्व**

कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा पनि ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम यस कम्पनीको तिसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयं उपस्थित भई हाजिरी जनाउने शेयरधनीको सख्या ८१ जना, प्रोक्सी मार्फत ९७ जना गरी कुल शेयरधनी १७८ जना, कुल शेयर कित्ता ९८,१६,८३२ मध्ये शेयर कित्ता ६०,४४,२७५ को ६१.५७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम कम्पनीको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय काठमाडौंमा प्रचलित कम्पनी कानून अनुसार सञ्चालन भएको सभा बैधानिक भएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

त्यसपछि, नियमावलीमा व्यवस्था भए बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री शशिराज पाण्डेज्यूको सभापतित्वमा सभाको काम कारवाही अगाडि बढाइने व्यहोरा कम्पनी सचिवले जानकारी गराउदै तिसौं वार्षिक साधारण सभा शुरु गर्न सभाध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

सभाध्यक्षज्यूले सभामा स्वयं उपस्थित हुनु भएका सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सभाको कार्य अगाडि बढाउनु भयो ।

३. <u>सभामा पेश भएको छलफलका बिषयहरु</u>

क. <u>साधारण प्रस्ताव</u>

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०८०/८१ को प्रतिवेदन छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८०/८१ आषाढ मसान्तको बासलात तथा सोही आ.व.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व.२०८१/८२ को लागी लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने । (PKF T.R. Upadhya & Co. पुन: नियुक्तीको लागी योग्य हुनुहुन्छ ।)
४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनकालागी ०.०९८२% (Approx) ले हुन आउने रु.९,६४,०४२/११ (अक्षरेपी नौ लाख चौसट्ठी हजार बयालिस पैसा ११/१०० मात्र) बराबरको नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
५. सञ्चालक समितिको निर्णयानुसार संस्थापक समूह तर्फ रिक्त रहेको १ जना सञ्चालकको पदमा बांकी अवधिका लागि गरिएको नियुक्तीको अनुमोदन गर्ने ।

ख. <u>विशेष प्रस्ताव</u>

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप हालको चुक्ता पूँजीको १.८६५९% (Approx) ले हुन आउने रु. १,८३,१६,८००/- (अक्षरेपी एक करोड त्रियासी लाख सोह्र हजार आठ सय मात्र) बरावरको बोनश शेयर बितरण गर्न स्वीकृत प्रदान गर्ने,
२. बोनश शेयर वितरण पश्चात कम्पनीको प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्नु पर्ने भएकोले निम्न बमोजिम गर्न स्विकृति प्रदान गर्ने ।

**प्रवन्धपत्र दफा ५**

ख. वित्तीय संस्थाको जारी पुंजी रु. १००,००,००,०००।- (अक्षरेपी एक अर्व मात्र) हुनेछ। सो पुंजीलाई प्रति शेयर रु १००।- दरका १००,००,००० (एक करोड ) थान साधारण शेयरमा विभाजन गरिएको छ।

ग. वित्तीय संस्थाको चुक्ता पुंजी रु. १००,००,००,०००/- (अक्षरेपी एक अर्व मात्र ) हुनेछ ।

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np


३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न तथा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

४. <u>सभामा मन्तव्य प्रस्तुति</u>

कम्पनीको तिसौं वार्षिक साधारणसभाको अध्यक्षता गरिरहनु भएका अध्यक्ष श्री शशिराज पाण्डेज्यूले सभामा अध्यक्षको मन्तव्य, सञ्चालक समितिको प्रतिवेदन लगायत कम्पनी ऐन २०६३ को दफा १०९ तथा धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ (अनुसूची १५) बमोजिमको प्रतिवेदन सभासमक्ष पेश गर्नु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात सभाध्यक्षज्यूले सभामा उपस्थिति शेयरधनी महानुभावहरुलाई आफ्नो मन्तव्य तथा सुझावहरु भए राख्न अनुरोध गर्नु भए अनुसार देहायका शेयरधनीहरुले सभामा आफ्नो मन्तव्य राख्नु भएको भयो ।

१. *श्री रोज कुमार श्रेष्ठ*

- वर्तमान यस्तो अवस्थामा पनि लाभाँश दिन सकेकोमा धन्यवाद साथै, आगामी वर्ष पनि यस्तै अपेक्षा रहेको,
- Assets management Company स्थापना बारेमा जानकारी माग गर्नु भएको,
- आगामी वर्ष राम्रो प्रतिफलको अपेक्षा ।

केही शेयरधनीज्यूहरुले लिखित मन्तव्य पठाउनु भएकोमा उक्त लिखित मन्तव्य यस प्रकार रहेको छः

१. श्री जगन्नाथ आचार्य

- आ.व. २०८०/८१ मा थोरै भएपनि बोनस शेयर प्रस्ताव गरेकोमा धन्यवाद,
- ३१औं साधारण सभा आश्विन मसान्त भित्रै गर्न सुझाव,
- NPL बढेकोले Rocovery मा जोड दिनु हुन,
- संस्थागत सुःशासन र कर्मचारीको उचित व्यवस्थापन गर्न सुझाव,
- संस्थामा राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र नराम्रो काम गर्नेलाई दण्डित गर्ने,
- प्रतिकुल अवस्थामा पनि शेयरधनीहरुको अपेक्षा अनुरुप प्रतिफलमा ध्यान पुऱ्याउनु पर्ने,
- ३१औं साधारण सभामा 2 digit को लाभाँशको प्रस्ताव होस भनी भन्दै ३०औं वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

२. चन्द्र नारायण श्रेष्ठ

- पौष भित्र नियमानुसार साधारण सभा गर्न सकेकोमा धन्यवाद,
- यस कम्पनीबाट निरन्तर बोनस तथा नगद लाभाँश दिदै आएकोमा यस वर्ष पनि बोनस शेयर प्रस्ताव गरेकोमा धन्यवाद,
- वासलातमा कुल सम्पत्ति ८८६ करोड बाट ९०४ करोड पुऱ्याउन सकेकोमा धन्यवाद,
- लाभाँश घट्नुको कारण असूली हुन बाँकि व्याज रु २.८६ करोड वापत Recovery Reserve मा ९६ लाख Total Impairment मा बृद्धि भएर हुन गयो,

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np

- कुल कर्जा नोक्सानी व्यवस्था समग्र वित्तीय प्रणालीमा बृद्धि अनुरुप यस कम्पनीमा पनि २.५२ करोडले बृद्धि भई १२.८२ करोड पुगेको पाइयो,
- अन्त्यमा, कम्पनीको ३०औं वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

३. **निरुपमा गुप्ता**

- साधारण सभा पौष अघि नै गर्न सुझाव,
- 2 digit को लाभाँश होस भन्ने आशा राखिएको,
- साधारण सभाको साधारण तथा विशेष प्रस्तावमा समर्थन छ,
- आगामी वर्ष थप प्रगति हुन सकोस,
- साधारण सभा सफलताको शुभ कामना ।

४. ***श्री लक्ष्मण बहादुर श्रेष्ठ***

- यस्तो अवस्थामा पनि लाभाँश दिन सकेकोमा धन्यवाद,
- समयमै साधारण सभा गरेकोमा धन्यवाद ।

शेयरधनीहरुले आफ्नो मन्तव्य राखिसके पश्चात निजहरुको मन्तव्य तथा सुझाव उपर सभाध्यक्षज्यूको आदेशानुसार कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री लिलामणि न्यौपानेज्यूले शेयरधनी महानुभावहरुको मन्तव्य तथा सुझावहरुको सम्बन्धमा जवाफ दिनु भएको थियो । प्रमुख कार्यकारी अधिकृतले दिनु भएको जवाफ पश्चात शेयरधनीहरुले साधारणसभामा पेश गरिने आजको प्रस्तावहरुतर्फ प्रवेश गर्न अनुरोध गर्नु भएपछि सभाध्यक्षज्यूबाट देहाय अनुसारको प्रस्तावहरु छलफल तथा निर्णयार्थ पेश गर्नु भएको थियो ।

५. **<u>तिसौं वार्षिक साधारणसभाको निर्णयहरु:</u>**

(क) **साधारण प्रस्ताव**

१. विषय-सूची नं. १ बमोजिम सभाध्यक्षज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य, सञ्चालक समितिको प्रतिवेदन तथा कम्पनी ऐन, २०६३ दफा १०९ बमोजिम तयार पारिएको आ.व २०८०/८१ को प्रतिवेदन तथा धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ नियम २६ को उप-नियम (२) संग सम्बन्धित अनुसूचि १५ बमोजिमको प्रतिवेदन छलफल पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

२. विषय-सूची नं. २ बमोजिम सभामा प्रस्तुत गरिएको लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको बासलात तथा मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह बिवरण लगायतका वित्तीय बिवरणहरु र नेपाल बित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय बिवरणहरु र सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

३. विषय-सूची नं. ३ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागी लेखापरीक्षकको नियुक्ती तथा नीजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np

लेखापरीक्षण समितिको सिफारिसमा PKF T.R. Upadhya & Co. Chartered Accountants. लाई बाह्य लेखापरीक्षण, Tax Audit, कम्पनी ऐन, २०६३ को दफा ७८ प्रमाणिकरण लगायत नेपाल धितोपत्र बोर्डमा पेश गर्नु पर्ने संस्थागत सुशासन अनुपालना प्रतिवेदन समेत प्रमाणित गर्ने पारिश्रमिक स्वरुप Out of Pocket Expenses बाहेक मु.अ. कर समेत रु. ७,५०,०००/- (अक्षरेपी सात लाख पचास हजार मात्र) प्रदान गर्ने निर्णयलाई सर्वसम्मतिबाट पारित गरियो ।

४. विषय-सूची नं. ४ बमोजिम सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनकालागी ०.०९८२% (Approx) ले हुन आउने रु.९,६४,०४२/११ (अक्षरेपी नौ लाख चौसठ्ठी हजार बयालिस पैसा ११/१०० मात्र) बराबरको नगद लाभांशको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

५. विषय-सूची नं. ५ बमोजिम सञ्चालक समितिको मिति २०८१/०१/०४ को निर्णयानुसार संस्थापक समूह तर्फ रिक्त रहेको १ जना सञ्चालकको पदमा बांकी अवधिका लागि काठमाडौ महा नगरपालिका ३० डिल्लीबजार निवासी श्री आदर्श राज पाण्डेलाई बाँकि अवधिकोलागि गरिएको नियुक्तीको अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

(ख) **विशेष प्रस्ताव:**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप हालको चुक्ता पूँजीको १.८६५९% (Approx) ले हुन आउने रु. १,८३,१६,८००/- (अक्षरेपी एक करोड त्रियासी लाख सोह्र हजार आठ सय मात्र) बरावरको बोनश शेयर वितरण गर्न स्वीकृत प्रदान गर्ने प्रस्तावलाई सर्व सम्मतिबाट अनुमोदन गरियो ।

२. बोनश शेयर वितरण पश्चात कम्पनीको प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्नु पर्ने भएकोले निम्न बमोजिम गर्न स्विकृति प्रदान गर्ने प्रस्तावलाई सर्व सम्मतिबाट अनुमोदन गरियो । जस अनुसार कम्पनीको प्रवन्ध पत्रको दफा ५ निम्न बमोजिम हुनेछ ।

**प्रवन्धपत्र दफा ५**

ख. वित्तीय संस्थाको जारी पुँजी रु. १००,००,००,०००।- (अक्षरेपी एक अर्व मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु १००।- दरका १००,००,००० (एक करोड ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग. वित्तीय संस्थाको चुक्ता पुँजी रु. १००,००,००,०००/- (अक्षरेपी एक अर्व मात्र ) हुनेछ ।

३. कम्पनीको प्रवन्धपत्र तथा नियमावली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक फेरवदल गर्न पर्ने भएमा उक्त संसोधन गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णयलाई सर्वसम्मतिले पारित गरियो ।

(ग) **विविध**

विविध अन्तरगत छलफलकालागि अन्य विषय वस्तु नभएको व्यहोरा सभालाई जानकारी गराइयो ।

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np

६. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

अन्त्यमा, कम्पनीलाई आजको अवस्थामा पुऱ्याउन अथक प्रयास गर्ने कर्मचारीहरु, नियमनकारी निकायहरुलाई समेत धन्यवाद दिँदै तिसौं वार्षिक साधारणसभामा उपस्थित भई उत्साह पूर्वक छलफलमा सहभागि भई प्रस्तावित विषय-वस्तुहरु पारित गरि दिनु भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरुमा पनि शेयरधनी महानुभावहरु तथा नियमनकारी निकायहरुबाट सहयोगको अपेक्षा राख्दै सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित सबैलाई धन्यवाद दिदैं सभाध्यक्षज्यूले सभा विसर्जनको घोषणा गर्नु भयो ।

खिम बहादुर कार्की
कम्पनी सचिव

शशिराज पाण्डे
अध्यक्ष